धनगढी उप-महानगरपालिकाको कार्यालय
धनगढी, कैलाली

मिति२०७२।०६।१७ गतेका दिन सम्पन्न धनगढी उप-महानगरपालिकाको गत आ.व.२०७१।०७२मा सञ्चालित तथा सम्पादित कार्यक्रमहरुको वार्षिक प्रगति समीक्षा यस प्रकार रहेको छः-

निर्णय नं.१

आजको वार्षिक प्रगति समीक्षा वैठकमा धनगढी उप-महानगरपालिका कार्यालयले गत आ.व. आ.व.२०७१।०७२ को तपसिलका विषयहरु सँग सम्बन्धित प्रगति विवरणहरु, समस्याहरु, समाधानका लागि गरिएका प्रयासहरुको अलावा त्यस आ.व.मा गरिएका अनुकरणीय कार्यहरुको बारेमा प्रस्तुतीकरण गरियो ।

(क). आ.व. आ.व.२०७१।०७२ को यथार्थ आय व्यय विवरण र अघिल्लो आ.व. आ.व.२०७१।०७२ सँगको तुलनात्मक अध्ययन सहितको वित्तीय प्रगति विवरण यस धनगढी नगरपालिका कार्यालयका वरिष्ट लेखा अधिकृत श्री डिल्लीराज ओझाबाट प्रस्तुती भयो ।

(ख). यस उप-महानगरपालिका द्वारा गत आ.व. आ.व.२०७१।०७२ मा कार्यान्वयन गरिएका आयोजना तथा कार्यक्रमहरुको भौतिक प्रगति विवरण र राष्ट्रिय भवन संहिता २०६० को कार्यान्वयनको स्थिति, समस्या र समाधानका प्रयासहरु बारे धनगढी नगरपालिका कार्यालयका डिभीजनल इन्जिनीयर श्री दिजराज भट्टबाट प्रस्तुती भयो ।

(ग). यस उप-महानगरपालिकामा रहेका पेश्की र बेरुजुको विद्यमान अवस्था, पेश्की फछ्र्यौटको प्रगति र पेश्की तथा वेरुजु फछ्र्यौट गरी शुन्यमा झार्ने रणनीति अनुसार कार्यालयबाट भए गरेका प्रयासहरु, समस्याहरुको बारेमा धनगढी नगरपालिका कार्यालयका आ.ले.प.अधिकृत श्री लेखनाथ ओझाबाट प्रस्तुती भयो ।

(घ). यस उप-महानगरपालिकाको सेवा प्रवाहको प्रभावकारीता, सुशासन, पारिदर्शिताका पक्षहरुमा गरिएका कार्यहरु, प्रयासहरु, सेवा प्रवाहमा परेका समस्याहरुको र नियमन सेवाको प्रगति बारे धनगढी नगरपालिका कार्यालयका प्रशासकीय अधिकृत श्री सुरेन्द्र सिंह कार्कीबाट प्रस्तुती भयो ।

(ङ). लक्षित विकास कार्यक्रम, फोहर मैला व्यवस्थापन, शहरी स्वास्थ्य कार्यक्रम, सामाजिक परिचालन कार्यक्रम, विपद् व्यवस्थापन, बजार व्यवस्थापन, सामाजिक सुरक्षा भत्ता कार्यक्रमहरुको प्रगति विवरणहरु, ना.सु.एवं सामुदायिक विकास तथा सरसफाई शाखा प्रमुख श्री टंक बहादुर विष्टबाट प्रस्तुती भयो ।

(च). समग्रमा, कार्यकारी अधिकृत श्री रामलाल श्रेष्ठबाट धनगढी उप-महानगरपालिकाको गत आ.व.२०७०।०७१ को वार्षिक प्रगति विवरण, समस्या, चुनौतीहरु, समाधानमा गरिएका प्रयासहरु र केही अनुकरणीय कार्यहरुको बारेमा प्रस्तुती राख्ने कार्य सम्पन्न भएपछि सहभागीहरु बीच छलफल गर्ने कार्य भै निम्न सुझावहरु प्रस्तुत भयो ।

०७२।६।१८

कार्यकारी अधिकृत

वार्षिक प्रगति विवरणको प्रस्तुतीकरण पछि सहभागीहरुबाट निम्न सुझावहरु प्राप्त भए :-

- धनगढी उप-महानगरपालिका भए पछि विद्यमान संगठनको अवस्था विश्लेषण गरि नयां परिमार्जित संगठनात्मक (Organization and Management Survay) संरचना अविलम्ब तयारी गरि लागु गर्नु पर्ने ।
- धनगढी उप-महनगरपालिका भई सकेको सन्दर्भमा राजश्व परिचालनको कार्यमा सशत्त अभियान थाल्ने ,राजश्व संकलन लाई प्रभावकारी बनाउन घर दैलो कार्यक्रम संचालन गर्ने, सबैलाई अझैं करमा आवद्ध नगरिएकोले आन्तरिक आयमा उल्लेखनीय अभिवृद्धि गर्न कार्यालयले विशेष जोड दिने
- क्षतिपूर्ति सहितको नागरिक वडापत्र जारी गरी सेवाग्राहीहरुलाई सेवा प्रवाह गर्ने तर्फ लाग्नुपर्ने,फोहर मैला संकलन व्यवस्थापन र बजार व्यवस्थापनमा विशेष ढंगले लाग्नु पर्ने ।
- नगरपालिकाका कर्मचारीहरुलाई सेवाग्राही प्रति केन्द्रित गरी सेवा प्रवाहमा थप प्रभावकारीता ल्याउने ।
- नगरका विकास कार्यक्रमहरुमा विषयगत कार्यालयहरु संगको समन्वयलाई थप प्रभावकारी वनाउने
- नगरपालिका बाट भए गरेका काम कारवाहीहरु, योजना संञ्चालनका पक्षका सम्वन्धमा सार्वजनिक सुनुवाई र स्थानीय पत्र पत्रिकामा प्रकाशन गर्ने, पारदर्शिता राख्ने गरेको भएतापनि प्रस्तुत भएका प्रगति विवरणहरुको विस्तृत रुपमा समीक्षा गोष्ठीमा सहभागीहरु लाई उपलब्ध गराउनु पर्ने ।
- राष्ट्रिय भवन संहिता २०६० को कार्यान्वयनको स्थितीलाई थप प्रभावकारी वनाउन आवश्यक प्राविधिक जनशक्तिको व्यवस्थापन गर्ने उपलब्ध जनशक्तिको क्षमता विस्तार गर्ने, सहयोगी निकायहरुको सहयोगलाई निरन्तरता दिन अनुरोध गर्ने । नक्सा डिजाईन तयार पर्ने कन्स्ट्रक्सन लाई जिम्मेवार वनाउने र निरन्तर अनुगमन गर्ने ।
- यस अघिका वर्षहरुमा सम्पन्न भएका वार्षिक प्रगति समीक्षा वैंठकमा प्रस्तुत भएका सुझावहरुलाई कार्यान्वयन गर्नु पर्ने ।
- लक्ष्य अनुरुप कार्य भए नभएको सेवा ग्राही बाट मूल्याकंन गराउनु पर्ने ।
- अनुगमन गरी लक्षित कार्यक्रम बाट तोकिएका समुदायहरु लाभान्वित हुन सके सकेनन यकिन गर्नु पर्ने
- लैगिंक शसक्तिकरण कार्यक्रम गर्दा सम्वन्धित पक्ष संग समन्वय गरी कार्यक्रम संचालन गरिनु पर्ने
- क्रमागत योजनाहरुलाई बजेट दिई निरन्तरर रुपमा अघाडि वढाउनु पर्ने ।
- योजना तोकिएको समयमा सम्पन्न गर्न तर्फ विशेष पहल गर्नु पर्ने, अनुगमन नियमित रुपमा गर्नु पर्ने । गुणस्तरीयतामा ध्यान दिने । लागत सहभागिताका योजनालाई प्राथमिकता दिने ।
- नया थपिएका वडाहरुमा थप बिकासका कार्यक्रम दिनुपर्ने ।

सहभागि हरुलाई धन्यबाद सहित आजको वार्षिक प्रगति समीक्षाको वैंठक अन्त गरियो ।

धनगढी उप-महानगरपालिका कार्यालय
धनगढी, कैलाली

०७२/५/१६

कार्यकारी अधिकृत